# अन्तिम भनाइ

यो एक विशेष किसिमको पुस्तक हो, किनभने तपाईंको वास्तागर्ने मानिसहरूद्वारा यो लेखिएको छ। संसारका सबै व्यक्तिहरूलाई दुःख दिने खालका धेरै प्रश्नहरू र समस्याहरूका उत्तरहरू यी व्यक्तिहरूले पत्ता लगाएका हुनाले तिनीहरू खुशी छन्। यी आनन्दित व्यक्तिहरू आफूले पत्ता लगाएका उत्तरहरू अरूहरूसँग पनि बाँड्न चाहन्छन् र परमेश्वरले यसो गर्न लगाउनुभएको हो भनी यिनीहरू विश्वास गर्छन्। तिनीहरू विश्वास गर्छन् कि तपाईंले आफ्ना प्रश्न र समस्याका उत्तरहरू भेट्टाउनलाई केही महत्वपूर्ण सूचनाहरू जान्नु आवश्यक छ र यसरीनै तपाईंको जीवनमा उत्तम हुने कुरालाई तपाईं प्राप्त गर्नसक्नुहुन्छ।

यही सूचना तपाईंलाई दिनलाईनै तिनीहरूले यो पुस्तक तयार पारेका हुन्। यी आधारभूत सत्यताहरूमानै यो पुस्तक आधारित छः

१ तपाईंलाई मुक्तिदाताको खाँचो छ। रोमी ३:२३ र इजकिएल १८:२० पढ्नुहोस्।

२ तपाईं आफैले आफैलाई बचाउनसक्नुहुन्न। १ तिमोथियस २:५; योआनेस ४:६ पढ्नुहोस्।

३ सबैले उद्धार पाऊन् भन्ने परमेश्वरको इच्छा छ। योआनेस ३:१६,१७ पढ्नुहोस्।

४ परमेश्वरले येशूलाई पठाउनुभयो र उहाँले आफ्नो जीवन सबैको लागि दिनुभयो र उहाँमा विश्वास गर्ने सबैले मुक्ति पाउँछन्। गलाती ४:४,५; १ पत्रस ३:१८ पढ्नुहोस्।

५ बाइबलले हामीलाई उद्धारको बाटो र ख्रीष्टियान जीवनमा कसरी वृद्धि हुनुपर्छ सो सिकाउँछ। योआनेस १५:५; १०:१०; २ पत्रस ३:१८ पढ्नुहोस्।

६ तपाईंले आफ्नो अनन्त स्थानको निर्णय आफै गर्नुहुन्छ। लूकास १३:१-५; मतियोस १०:२३-३२; योआनेस ३:३५,३६ पढ्नुहोस्।

तपाईंले आफ्नो अनन्त स्थानको कसरी निर्णय गर्नुपर्छ भन्ने कुरा यस पुस्तकले बताउँछ। आफ्नो निर्णय बताउनसक्ने मौका पनि यसले तपाईंलाई प्रदान गर्छ। यो पुस्तक अरू पुस्तकहरूभन्दा पनि फरक छ, किनभने यस पुस्तक तयार पार्ने व्यक्तिहरूलाई तपाईं भेट्न सक्नुहुन्छ। यदि तपाईं कुनै प्रश्नहरू सोध्न चाहनुहुन्छ वा आफ्नो खाँचो वा विचारहरू व्यक्त गर्न चाहनुहुन्छ भने ती कुरा पत्रमा लेखेर अवगत गराउनसक्नुहुन्छ।

यस पुस्तकको अन्तमा तपाईंले एउटा कार्ड पाउनुहुन्छ जसलाई *निर्णय प्रतिवेदन* र *निवेदन कार्ड* भनिन्छ। तपाईंले निर्णय बनाइसक्नुभएपछि, कार्डलाई भर्नुहोस् र निर्देशन दिइएअनुसार हुलाकबाट पठाउनुहोस्। त्यसपछि तपाईंलाई अझै सहायता पुऱ्याइने छ। तपाईंले प्रश्नहरू सोध्न वा प्रार्थनाको निवेदनहरू पठाउनको लागि पनि यस कार्डलाई प्रयोग गर्नसक्नुहुन्छ।

यदि यस पुस्तकमा कार्ड संलग्न गरिएको छैन भने तपाईंको आई. सी. आई. निर्देशकलाई पत्र लेख्नुहोस् र तपाईंले व्यक्तिगत रूपमा जवाफ पाउनुहुनेछ।

.............................................................................................................................

यसलाई यहाँ काट्नुहोस् र उत्तर पृष्ठहरूको साथसाथै आफ्नो आई. सी. आई. निर्देशककहाँ पठाउनुहोस्।

## निर्णय प्रतिवेदन र निवेदन कार्ड

यस पाठ्यक्रमको अध्ययनपछि .................... मैले येशू ख्रीष्टलाई मेरा मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गरेको छु। मैले आफ्नो नाम र सहि सहित यस कार्डलाई तपाईंको आई. सी. आई. कार्यालयमा पठाउनुका दुई कारणहरू छन्। पहिलो कारणचाँहि मैले ख्रीष्टमा विश्वास र समर्पण गरेको छु भन्ने साक्षी दिन र दोस्रो चाँहि मेरो आत्मिक जीवनमा अझै सहयोग पुऱ्याउनको निम्ति आवश्यकीय ख्रीष्टियान पत्र पत्रिकाहरू प्राप्त गर्नको लागि हो।

विद्यार्थी संख्याः ................

नामः ............................

ठेगानाः .........................

सहिः ............................

# एकलेसिया

के तपाई जान्न चाहनुहुन्छ . . .

- एकलेसियाको निम्ति परमेश्वरको योजना?
- कसरी तपाई परमेश्वरको एकलेसियाको अङ्ग बन्नसक्नुहुन्छ?
- एकलेसिया कसरी शरीरजस्तो छ?

यदि त्यसो हो भने, *ख्रीष्टिय एकलेसिया (चर्च)* भनिने यो पुस्तक तपाईंकै निम्ति लेखिएको हो। यसमा प्रस्तुत गरिएका विषयहरूले ख्रीष्टको शरीर अर्थात् उहाँको एकलेसियामा तपाईंको कस्तो स्थान छ सो बुझ्न तपाईंलाई सहायता पुऱ्याउँछन्।

यस पुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरी यसको अध्ययनलाई चाखलाग्दो बनाएको छ। यस स्वयम्-शिक्षण प्रणालीबाट तपाई सजिलैसंग सिक्नसक्नुहुन्छ। तपाईंले यसका निर्देशनहरूलाई पालन गर्नुहोस्, र आफ्नो अध्ययन-क्रमलाई अगाडि बढाउनुहोस्।

*ख्रीष्टिय एकलेसिया (चर्च)* भनिने यस पाठ्यक्रम खण्ड १ को छैटौं पाठ्यपुस्तक हो। तपाईंले यी पाठ्यपुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहुँदा बढी फायदा उठाउनसक्नुहुनेछ।

I

6